गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

# आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश

मालेपाटन, पोखरा

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०४/३१

## फलफूल बगैंचा स्थापना कार्यक्रममा आवद्ध हुन आवेदन आह्वान सम्बन्धी सूचना

यस आयोजनाको **कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१** अनुसार तपसिलमा उल्लिखित स्थानीय तहहरुमा देहायका फलफूल बालीहरुको बगैंचा स्थापनामा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषि उद्यमी, कृषक समूह तथा सहकारीहरुलाई आवश्यक कागजातहरुसहित सम्बन्धित स्थानीय तहमा सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (२०८१/०५/२८) आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क्र.सं. | कार्यक्रम संचालन हुने | | लक्षित बालीहरु |
|---|---|---|---|
| | जिल्ला | स्थानीय तह | |
| १ | तनहुँ | म्यागदे, ऋषिङ्ग | सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट |
| २ | कास्की | मादी, पोखरा, अन्नपूर्ण | पोखरा (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट), मादी र अन्नपूर्ण (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट, ओखर, किवी) |
| ३ | स्याङ्गजा | विरुवा, चापाकोट, गल्याङ | विरुवा (किवी, सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट), चापाकोट र गल्याङ (सुन्तला, कागती, एभोकाडो, मेकाडेमिया नट) |
| ४ | पर्वत | जलजला, कुश्मा, मोदी, फलेवास | सुन्तला, कागती, ओखर, किवी, एभोकाडो, मेकाडेमिया नट |
| ५ | मनाङ | नासों, चामे, मनाङ डिस्याङ | मनाङ डिस्याङ (स्याउ), नासों र चामे (स्याउ, ओखर) |

**आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरण:**

(क) अनुसूची ८ बमोजिमको फाराम,
(ख) कृषक समूह/सहकारी/कम्पनी वा निजी फर्म दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
(ग) करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
(घ) कृषक समूहको हकमा विधान, सहकारीको हकमा विनियम तथा कृषि उद्यमीको हकमा प्रवन्धपत्रको प्रतिलिपि,

**बासुदेव रेग्मी**
**प्रादेशिक आयोजना व्यवस्थापक**

(ङ) कार्यक्रममा सहभागी हुने घरधूरीहरुको यकिन गर्ने सम्बन्धी अनुसूची १० बमोजिमको संस्थागत निर्णयको प्रतिलिपि,

(च) कार्यक्रममा सहभागी हुने घरधूरीहरुले क्लष्टरमा बगैंचा स्थापना गर्न सहमत भएको अनुसूची ११ बमोजिमको सहमति पत्र,

(छ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने जग्गाको आफ्नो स्वामित्वको प्रमाण (लालपुर्जाको प्रतिलिपि) वा सम्बन्धित वडाको वडाअध्यक्ष वा दर्तावाला कानून व्यवसायीको रोहवरमा गरेको जग्गा भाडा वा करार सम्झौताको प्रतिलिपि (कम्तीमा १५ वर्ष अवधिको)

(ज) फलफूल बगैंचा स्थापना हुने जग्गाको सबै कित्ता देखिने नापी नक्सा,

(झ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ञ) अनुसूची १२ बमोजिमको निर्णय,

(ट) अनुसूची १३ बमोजिमको स्वघोषणा,

(ठ) अनुसूची १४ बमोजिमको वातावरणीय प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची तथा अनुसूची १५ बमोजिमको सामाजिक प्रभाव पहिचानका लागि निरीक्षण जाँचसूची।

नोटः
आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु आयोजना कार्यान्वियन एकाइ, गण्डकी प्रदेश, पोखरा, सम्बन्धित स्थानीय तहको कृषि शाखामा वा वेवसाईट add.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ।

अन्य जानकारीको लागि आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश, पोखरा वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा आयोजना कार्यान्वयन एकाको सम्पर्क नं ०६१-५७०२७३/०६१-५७०२६३/०६१-५४३८९५ वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५६००८५६६ वा ईमेल ठेगाना piugandaki.nafha@gmail.com मा सम्पर्क गर्न सकिनेछ।

बासुदेव रेग्मी
प्रादेशिक आयोजना व्यवस्थापक